# सामाजिक सुरक्षा कोष र बडीमालिका नगर............ पालिका बीच कोषबाट सञ्चालित योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालनका लागि गरिएको समझदारी पत्र (Memorandum of Understanding)

जिल्ला काठमाडौं, थापाथलीस्थित सामाजिक सुरक्षा कोष (यस पछि "कोष" तथा "प्रथम पक्ष" भनिएको) बाट सञ्चालित योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आवद्धता सम्बन्धमा प्रथम पक्ष र बडीमालिका...नगरपालिका....(यस पछि "दोस्रो पक्ष" भनिएको) बीच निम्न अनुसारको कार्य गर्न गराउन दुवै पक्षको मन्जुरी भएकोले आज मिति...२०८२।१०।२६...... मा यो समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गरिएको छ।

## क) पृष्ठभूमी

नेपालको संविधानले प्रत्येक श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भनी मौलिक हकको रुपमा धारा ३४ मा व्यवस्था गरेको छ। योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को प्रस्तावनामा श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यका साथ सामाजिक सुरक्षा कोषले कार्य गर्दै आईरहेको छ।

कोषले योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरू प्रारम्भमा औपचारिक क्षेत्रका निजी सङ्गठित क्षेत्रबाट लागू गरेकोमा वैदेशिक क्षेत्र हुँदै अनौपचारिक तथा स्वरोजगार क्षेत्रका साथै २०८२ वैशाख १ गते पश्चात सार्वजनिक क्षेत्रमा समेत अनिवार्य गरिसकेको सन्दर्भमा हाल कोषमा आवद्धता सङ्ख्या उल्लेखनीय रहेको छ। ऐनको दफा १० मा औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना, मातृत्व सुरक्षा योजना, दुर्घटना सुरक्षा योजना, अशक्तता सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, बेरोजगार सहायता योजनाका अतिरिक्त कोषले तोकेका अन्य सामाजिक सुरक्षा योजना सञ्चालन गर्नेछ भनी कोषले सञ्चालन गर्न सक्ने सामाजिक सुरक्षा योजनाहरूको दायरा किटान गरिएको छ।

संविधान अनुसार सामाजिक सुरक्षालाई मूलतः तिनै तहको कार्यक्षेत्र भित्र समेटिएको छ। ऐनको दफा ५ को उपदफा (२) मा अनौपचारिक क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा प्रोत्साहन गर्न त्यस्तो व्यक्तिले सामाजिक सुरक्षा योजनामा गरेको योगदानको आधारमा तोकिए बमोजिमको रकम नेपाल सरकारले कोषमा जम्मा गरिदिने व्यवस्था छ भने योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम ४ को उपनियम (२) मा त्यस्ता श्रमिक तथा व्यक्तिलाई कोषका योजनामा सहभागी गराउन कोषले तोकेको रकममा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले आ–आफ्नो बजेट मार्फत तोकेबमोजिमको रकम जम्मा गरिदिन सक्ने व्यवस्था रहेको छ। यसरी कोषले तोके बमोजिमको रकम कोषमा योगदान वापत जम्मा गर्न स्थानीय सरकारले सक्ने कुरा ऐन तथा नियमावलीमा स्पष्ट गरेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहको भूमिका महत्वपूर्ण रहेकोले कोष र स्थानीय तह बिच सहकार्य अपरिहार्य छ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सामाजिक सुरक्षा कोष २०७४ काठमाडौं, नेपाल

बडीमालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय मार्तडी,बाजुरा सुदूरपश्चिम प्रदेश,नेपाल २०७३

नगर प्रमुख

## सामाजिक सुरक्षा कोष र ...बडीमालिका नगरपालिका... पालिका बीच कोषबाट सञ्चालित योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालनका लागि गरिएको समझदारी पत्र (Memorandum of Understanding)

ख) पालिकाको जिम्मेवारीः

१. औपचारिक क्षेत्र

१.१ श्रम ऐन, २०७४ तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ लागू हुने सबै प्रतिष्ठान वा रोजगारदाताहरू तथा सो अन्तर्गतका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध हुनका लागि पत्राचार तथा प्रचार प्रसार गरी सहजिकरण गर्ने।

१.२ पालिकाबाट प्रवह हुने दर्ता/नवीकरण/सिफारीस/सहुलियत लगायतका सेवाहरू प्रवाह गर्दा श्रम ऐन, २०७४ तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ लागू हुने सबै प्रतिष्ठान वा रोजगारदाताहरू र सो अन्तर्गतका श्रमिकहरू सामाजिक सुरक्षा कोषमा आवद्ध भए/नभएको यकिन गरि मात्र सेवा प्रवाह गर्ने प्रबन्ध गरी संविधानको धारा ३४ र श्रम ऐन, २०७४ तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन,२०७४ को अनिवार्य व्यवस्था कार्यान्वयन गराउने ।

१.३ पालिका मातहतका सरकारी अस्थाई, करार तथा ज्यालादारी कर्मचारीहरूलाई २०८२ वैशाख १ गते प्रकाशित सङ्घीय राजपत्र अनुसार कोषबाट सञ्चालित सामाजिक सुरक्षा योजनामा सहभागी गराउने ।

२. अनौपचारिक क्षेत्र

२.१ पालिका भित्र रहेका अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा आवद्धताका लागि पालिकाले अनौपचारिक क्षेत्रमा रहेका श्रमिकको पहिचान गरि सिफारिस गर्ने र कोषमा आवद्ध गर्ने ।

२.२ अनौपचारिक क्षेत्रमा कार्य गर्ने श्रमिकको हकमा प्रति श्रमिक नेपाल सरकारले औद्योगिक क्षेत्रका लागि तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको ११% रकम श्रमिकबाट सङ्कलन गरी सो रकममा ९.३७ प्रतिशत बराबरको रकम ऐनको दफा ५ (२) र नियमावलीको नियम ४ (२) अनुसारको सहयोगदान वापत थप गरी कुल रु २०.३७% रकम पालिकाबाट कोषमा जम्मा गर्ने ।

२.३ पालिका भित्र अनौपचारिक क्षेत्रका श्रमिकलाई प्रथम पक्षको अनलाइन प्रणालीमा आवद्ध गर्ने (Enroll) वा आवश्यकता अनुसार कोषको अनलाईन प्रणालीबाट हटाउने (Terminate) ।

२.४ पालिका मार्फत आवद्ध अनौपचारिक क्षेत्रका श्रमिकको तर्फबाट कोषमा जम्मा गर्नु पर्ने योगदान वापतको रकम सम्वन्धित श्रमिकबाट सङ्कलन गर्ने।

२.५ पालिका मार्फत कोषमा आवद्ध भइ नियमित योगदान जम्मा गरेका श्रमिकहरूले प्रथम पक्ष मार्फत प्राप्त गर्ने सुविधा उपभोगका लागि आवश्यक सहजिकरण तथा सिफारिस गर्ने ।

नगर प्रमुख

## सामाजिक सुरक्षा कोष र बडीमालिका नगरपालिका पालिका बीच कोषबाट सञ्चालित योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालनका लागि गरिएको समझदारी पत्र (Memorandum of Understanding)

३. स्वरोजगार क्षेत्र

३.१ पालिका भित्र स्वरोजगारमा रहेका व्यक्तिको कोषमा आवद्धताका लागि पालिकाले स्वरोजगारमा रहेका व्यक्तिको पहिचान गरि सिफारिस गर्ने।

३.२ पालिका भित्र स्वरोजगारमा रहेका व्यक्तिलाई प्रथम पक्षको अनलाइन प्रणालीमा आवद्ध हुन प्रोत्साहन तथा सहजिकरण गर्ने ।

३.३ पालिका अन्तर्गत कोषमा आवद्ध भइ नियमित योगदान जम्मा गरेका स्वरोजगार व्यक्तिहरुले प्रथम पक्ष मार्फत प्राप्त गर्ने सुविधा उपभोगका लागि आवश्यक सहजिकरण तथा सिफारिस गर्ने ।

४. वैदेशिक क्षेत्र

४.१ वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजनाहरू बारे पालिका भित्र प्रचार प्रसार गर्ने।

४.२ वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्ति कोषमा आवद्ध भईसकेपश्चात नियमित रुपमा कोषमा जम्मा गर्नुपर्ने योगदान रकम जम्मा गर्नका लागि सम्वन्धित व्यक्ति वा निजका परिवारका सदस्यहरूलाई जानकारी तथा सूचना प्रवाह मार्फत सहजिकरण गर्ने।

४.३ पालिका भित्रबाट वैदेशिक रोजगारीमा गएका श्रमिकको परिवार लक्षित गरी सामाजिक सुरक्षा सम्वन्धी सचेतना कार्यक्रम आयोजना गर्ने ।

५. अन्य

५.१ योगदानकर्ताहरूलाई कोषबाट सञ्चालित सामाजिक सुरक्षा योजनाहरूको दावी पेश गर्नका लागि आवश्यक सहयोग तथा सहजिकरण गर्ने।

५.२ सामाजिक सुरक्षा योजना सञ्चालनका लागि पालिकाको श्री प्रमिला कुमारी थापा..... लाई सम्पर्क व्यक्ति तोक्ने।

ग) कोषको जिम्मेवारीः

१ कोषबाट सञ्चालित सामाजिक सुरक्षा योजनाहरू र सुविधाहरूका सम्वन्धमा आवश्यक सचेतना कार्यक्रम गर्ने।

२ पालिकाका अस्थायी, करार तथा ज्यालादारी कर्मचारी, पालिका क्षेत्र भित्र रहेका अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरूको सूचीकरण, योगदान रकम जम्मा र अनलाइन प्रणालीबाट हटाउने लगायतका कार्य गर्नका लागि दोश्रो पक्षलाई कोषको प्रणालीको युजर आईडी र पासवर्ड प्रदान गर्ने।

नेपाल सरकार
योगदान आधारित सामाजिक सुरक्षा
सामाजिक सुरक्षा कोष
२०७०
काठमाडौं, नेपाल

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी,बाजुरा
सुदूरपश्चिम प्रदेश,नेपाल
२०६३

नगर प्रमुख

## सामाजिक सुरक्षा कोष र ......बडीमालिका......नगरपालिका पालिका बीच कोषबाट सञ्चालित योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालनका लागि गरिएको समझदारी पत्र (Memorandum of Understanding)

३ कोषमा आवद्ध भई नियमित योगदान गर्ने योगदानकर्तालाई सम्बन्धित क्षेत्रको कार्यविधि बमोजिमको सुविधा भुक्तानी गर्ने।

४ सामाजिक सुरक्षा योजनाहरूको परिमार्जन भए वा सम्बन्धित कार्यविधिहरू संशोधन भएमा पालिकालाई समयमै जानकारी गराउने।

५ पालिकाबाट सूचिकरण, योगदान रकम सङ्कलन तथा दावि भुक्तानि सम्बन्धमा प्राविधिक सहयोग माग भएमा सो प्रदान गर्ने।

६ कोषबाट सञ्चालित सामाजिक सुरक्षा योजनाको लागी कोषको सूचिकरण शाखा प्रमूखलाई सम्पर्क व्यक्ति तोक्ने।

**घ) समझदारी पत्रको कार्यान्वयनः**

१ यो समझदारी पत्रका विषय कार्यान्वयन गर्न दुवै पक्ष प्रतिवद्ध हुनेछन्।

२ यो समझदारी पत्रमा उल्लेख भएका विषयहरू आपसी सहमतिमा थप घट गर्न सकिने छ।

३ समझदारीमा उल्लिखित विषयबाहेकको अन्य विषय दुवै पक्षको आपसी सहमतिमा तय गरिनेछ।

४ यस समझदारी पत्रका अतिरिक्त आवश्यकता अनुसार थप सम्झौता गर्न समेत सकिनेछ।

५ यस समझदारी पत्रमा उल्लेखित विषयहरू दुवै पक्ष सँग उपलब्ध स्रोत साधन र बजेट अनुसार क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

**प्रथम पक्षको तर्फबाट अधिकार प्राप्त**

नामः श्री कविराज अधिकारी

पदः कार्यकारी निर्देशक

दस्तखतः

मितिः २०८२/१०/२६

**रोहबरः**

१. नामः श्री रोहित रेग्मी

पदः निर्देशक

दस्तखतः

**दोस्रो पक्षको तर्फबाट अधिकार प्राप्त**

नामः श्री अमर बहादुर खड्का

पदः नगर प्रमुख (नगर प्रमुख)

दस्तखतः

पालिकाः बडीमालिका नगरपालिका, बाजुरा

मितिः २०८२/१०/२६

**रोहबरः**

१. नामः श्री रमेश विष्ट

पदः नि० प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# सामाजिक सुरक्षा कोष

सूचीकरण शाखा

थापाथली, काठमाडौं

पत्र संख्या : ०४/४.१/०८२-८३
चलानी नं. : २५०

मिति : २०८२/०९/१७
ने.सं. ११४६ पोहेलाथ्व त्रयोदशी - १३

श्री बडिमालिका नगरपालिका,
बाजुरा ।

विषयः <u>सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धमा ।</u>

नेपालको संविधानको धारा ३४(२) "प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुबिधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ" कार्यान्वयन गर्न बनेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १९ बमोजिम हरेक प्रतिष्ठानहरु ३ महिना भित्र सामाजिक सुरक्षा कोषमा आवद्ध भई आफ्नो श्रमिक/कर्मचारीहरु कोषमा अनिवार्य आबद्ध गर्नुपर्ने ब्यबस्था र नेपाल सरकारको आ.व. २०८२/८३ नीति तथा कार्यक्रमको प्रावधान कार्यान्वयनको अनुरोधका लागि यो पत्र लेखिएको छ।

प्रस्तुत सन्दर्भमा अझैपनि कतिपय प्रतिष्ठनहरु सामाजिक सुरक्षा कोषमा आवद्ध भई नसकेकोले नेपाल सरकारको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमको बुँदा नं. ६१ मा **"सबै प्रकृतिका, जुनसुकै सेवा सर्तमा रोजगारीमा संलग्नहरूलाई अनिवार्य रूपमा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने गरी कोषको भूमिका र दायरालाई विस्तार गरिनेछ। कम्पनी, संस्था, सहकारी, फर्म वा अन्य सङ्गठित संस्थाको नविकरण गर्दा श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराई नियमित योगदान गरेको प्रमाण संलग्न गर्नुपर्ने कानूनी व्यवस्था गरिनेछ।"** उल्लेख भएको हुंदा तहाँ पालिका भित्र संचालित साना/ठुला सबै प्रतिष्ठान, संघ, संस्था, निकायहरुलाई संघीय सरकारको नीति बमोजिम दर्ता/नविकरण वा पालिकाले प्रदान गर्ने सबै किसिमका सेवा प्रवाह गर्दा रोजगारदातासंग काम गर्ने सबै श्रमिकलाई कोषमा आबद्ध गराई नियमित योगदान रकम जम्मा भएको एकिन गरेर मात्र सेवा प्रवाह गर्ने गरि आवश्यक प्रवन्ध गरिदिनहुन तथा सामाजिक सुरक्षा कोषमा आवद्ध भई नियमित योगदान रकम जम्मा गर्न बाँकी रहेका सबै प्रतिष्ठान, संघ, संस्था, निकायहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध भई नियमित योगदान रकम जम्मा गराउने कार्यका लागि बिनम्र अनुरोध गरिन्छ।

साथै, यसै पत्र साथ संलग्न नेपाल सरकारको मिति २०८२/०१/०१ को राजपत्र अनुसार सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नुपर्ने प्राबधान भएकाले तहाँ कार्यरत अस्थायी, करार तथा ज्यालादारी लगायतका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराइ नियमित योगदान रकम जम्मा गर्नहुन समेत अनुरोध गरिन्छ।

..........................
कविराज अधिकारी
कार्यकारी निर्देशक

# भाग ५

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

## सूचना

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २ को खण्ड (ज) र दफा ७ ले दिएको अधिकार प्रयोग गरी योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम २ को खण्ड (घ) बमोजिमको सरकारी कोष (प्रदेश सरकार वा स्थानीय तहको सञ्चित कोष, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष) बाट पारिश्रमिक पाउने (प्रचलित कानून बमोजिम निवृत्तभरण पाउने बाहेक) व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचीकृत गरी निजहरुले खाईपाई आएको तलबको कम्तीमा साठी प्रतिशतलाई आधारभूत तलब मानी त्यसको बिस प्रतिशत रोजगारदाताबाट र एघार प्रतिशत योगदानकर्ताको तर्फबाट जम्मा गर्नु पर्ने गरी सामाजिक सुरक्षा योजनामा सहभागी गराउने गरी मिति २०८१।१२।१५ मा निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**डण्डुराज घिमिरे**
**नि. सचिव नेपाल सरकार ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.७।-
गो.द.ब.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।